प्रमाणित प्रतिलिपि

**मिति २०८२/१०/२० गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. संघीय समपुरक/विशेष अनुदान तर्फका योजना माग सम्बन्धमा ।
२. विभिन्न नदी/खोलाको आइइइ स्वीकृत गर्ने सम्बन्धमा ।
३. निजी जग्गाको आइइइ स्वीकृती गर्ने सम्बन्धमा ।
४. नगरपालिका कम्पाउण्ड रङ्गरोगन, गेट निर्माण, ब्लक टायल लगाएको रकम विनियोजन तथा भुक्तानी सम्बन्धमा ।
५. योजनाको जाँचपाँस तथा फरफारक सम्बन्धमा ।
६. आर्थिक सहायता सम्बन्धमा ।
७. दहको ठेक्का व्यवस्थापन सम्बन्धमा ।
८. जग्गा वर्गीकरण सम्बन्धमा ।
९. वर्षामा विग्रेका मुख्य सडक मर्मत सुधारको रकम भुक्तानी सम्बन्धमा ।
१०. करदाता सेवा कार्यालयहरुबाट प्रवाह भइरहेको सेवा स्थानीय तहबाट प्रदान गर्ने सम्बन्धमा ।
११. विविध सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दाआगामी आर्थिक वर्ष २०८३/०८४ को लागि संघीय समपुरक अनुदान तथा विशेष अनुदान अर्न्तगत सञ्चालन गरिने आयोजनाहरुको लागि राष्ट्रिय योजना आयोगबाट प्रस्ताव आव्हान सम्बन्धी सूचना जारी गरेको सन्दर्भमा उल्लेखित सूचना बमोजिम यस नगरपालिकाका तपशिल बमोजिमका योजनाहरु संघीय समपुरक तथा विषेश अनुदान तर्फ प्राथमिकताका आधारमा माग गर्ने । साथै प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदान तर्फ समेत निम्न प्राथमिकताको आधारमा योजनाहरु माग गर्ने निर्णय गरियो ।

**संघीय समपुरक अनुदान तर्फ माग गर्ने योजनाहरु**

| प्रा.क | माग गर्ने योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | भेडामारे सिमलपानी बौरी भाटगाउँ चिदिचौर हुदै चोलारानी ढाव पावरा विक्रम सडक स्तरोन्नती तथा कालोपत्रे | ७ करोड |
| २ | सुवोधिनी मा.वि.भवन तथा पूर्वाधार निर्माण | १ करोड |
| ३ | रातामाटा थामकोट खाल गल्दा सडक स्तरोन्नती | १ करोड |

संघीय **विषेश अनुदान तर्फ माग गर्ने योजनाहरु**

| प्रा.क | माग गर्ने योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | डमरुदह बहुउदेश्यीय सिंचाई योजना निर्माण शिनपा ३, ४ र १२ | २ करोड |
| २ | आपचौर लिफ्ट खानेपानी योजना निर्माण शिनपा ८ | ६० लाख |
| ३ | रातामाटा दमारवेशी थक्लेनी खानेपानी योजना निर्माण शिनपा ७ | ४० लाख |

**प्रदेश समपुरक अनुदान तर्फ माग गर्ने योजनाहरु**

| प्रा.क | माग गर्ने योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | सातमारा लाहापे सिलिङ्गखोला चिदिचौर सडक स्तरोन्नती | ४ करोड ८० लाख |
| २ | सितापुर सुवर्णखाल चौपारी नेटापोखरा सडक स्तरोन्नती | १ करोड |

| | | |
|---|---|---|
| ३ | कल्याण आ.वि. चारकोठे भवन निर्माण शिनपा ६ | ७० लाख |
| ४ | सितापुर भिर्रा कोडाडा मो.वा. स्तरोन्नती शिनपा २ | ५० लाख |

प्रदेश**विषेश अनुदान तर्फ माग गर्ने योजनाहरु**

| प्रा.क | माग गर्ने योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | रजिया खेल मैदान निर्माण शिनपा १२ | १ करोड ६० लाख |
| २ | लौरी मा.वि. विद्यालय भवन निर्माण शिनपा ९ | ७० लाख |
| ३ | सुधा मा.वि. विद्यालय भवन निर्माण शिनपा ५ | ७० लाख |

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्र भित्र पर्ने तपशिल बमोजिमका नदी/खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विकी गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन सम्बन्धि कार्य गर्न यस कार्यालय र सिभिल क्रियसन नेपाल प्रा.लि.बुद्धभुमी ८ कपिलवस्तुबीच भएको सम्झौता बमोजिम अध्ययन गरी सो संस्था मार्फत अन्तिम प्रतिवेदन आजको बैठकमा प्रस्तुतीकरण गरियो । पेश गरेका प्रतिवेदनहरु अध्ययन, विश्लेषण तथा पुनरावलोकन गर्ने प्रयोजनका लागि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ बमोजिम गठीत प्राविधिक समितिबाट निम्न खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनहरु स्वीकृतीको लागि सिफारिस भई आएकोले उक्त प्राविधिक समितिको सिफारिस समेतका आधारमा प्रतिवेदनमा उल्लेख भएबमोजिमका शर्त समेत पालना गर्ने गरी दिगो रुपमा नदीजन्य पदार्थ उत्खनन्, संकलन र विकी गर्ने कार्य गर्न तपशिल बमोजिमका नदी खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | आईइइ भई प्रतिवेदन पेश भई स्वीकृत भएका नदी/खोलाको नाम र उत्खनन हुने क्षेत्र |
|---|---|
| १ | रनसिङ्ग खोला शिनपा ८, ९ र ११ तीनखण्डे पुच्छार क्षेत्र, तीनखण्डे खा.पा. टंकी माथिको क्षेत्र, केरावारी क्षेत्र, बेलदमार क्षेत्र । |
| २ | सुकवेलखोला शिनपा ११ कपिलवस्तु सिमाना देखि सुकवेल वस्ती क्षेत्र। |
| ३ | राप्ती नदीशिनपा ८ राप्ती/गढवा गा.पा सिमाना क्षेत्र, पल्टेडाँडा क्षेत्र, वरकारुख क्षेत्र, बल्छिघाट क्षेत्र । |
| ४ | बाणगंगा खोला शिनपा १४ जरिकुना क्षेत्र, मुन्द्रिवासको पुच्छार क्षेत्र , मुन्द्रिवास माथिको क्षेत्र, कुसुमघाट क्षेत्र । |
| ५ | खयरभट्टी खोला शिनपा ११ रातापहरा देखि बाटो सम्मको क्षेत्र, बाटो देखि दुमइघाट सम्मको क्षेत्र । |
| ६ | राप्ती नदी सितखोला शिनपा ७ दमारवेशी दोभान राप्ती बगर क्षेत्र । |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि, २०८१ को दफा (९) बमोजिम जग्गा व्यवस्थापनको लागि पेश गरेका निवेदनहरुको सन्दर्भमा हाल उक्त अनुसार आवश्यक प्रकृया पुगेका तपशिल बमोजिमका जग्गा धनिहरुलाई सोही कार्यविधिको दफा (१२) बमोजिम निजी जग्गा व्यवस्थापन गर्न दिने र सो

कार्य गर्दा निस्कने साधारण निर्माणमुखी पदार्थ (ढुङ्गा, माटो, मिस्कट) ढुवानी गरी अन्यत्र लैजान अनुमती दिने साथै गह्रा सुधारको लागि पेश भएका तपशिल बमोजिमका प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (आइइइ) स्वीकृत गर्ने समेत निर्णय गरियो ।

तपशिल

गह्रा सुधार अनुमति तर्फ

(क)शितगंगा नगरपालिका वडा नं. २ फलाचौरमा बुद्धि बहादुर गुरुङ्गको नाममा रहेको कित्ता नं. १४३ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने।

(ख)शितगंगा नगरपालिका वडा नं. १४ सुखौरामा हरि कला खनालको नाममा रहेको कित्ता नं. ४४ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने।

गह्रा सुधार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने तर्फ

(क) यस नगरपालिकाको वडा नं. १४कुसुमघाट झोलुङ्गेपुल क्षेत्रमा निवेदक विराज हिस्कीको नाममा दर्ता कायम भएको कित्ता नं. ४ को जग्गा व्यवस्थापन गर्न प्रस्तावक शुभ मनकामना कसर एण्ड बालुवा प्रसोधन उद्योग प्रा.लि. पालुङ्गटार न.पा. गोरखा रहेको चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा.लि. पाणिनी गा.पा. ६ अ.खा.ले तयार गरेको प्रारम्भिक वातावरणीय परिक्षण (आइइइ) प्रतिवेदनस्वीकृत गर्ने।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको नगरपालिको कम्पाउण्ड भित्र हिलो भई गाडी तथा मोटर साईकल राख्न तथा निकाल्न समस्या भएको र कार्यालयमा प्रवेश गर्न तथा निस्किन समेत हिलोको कारण निक्कै समस्या भएकोले सो लाई व्यवस्थापन गरी सेवा मैत्री कार्यालय र हिलोका कारण गाडीहरु एक आपसमा ठोक्कीई हुन सक्ने विपद् समेतलाई मध्यनजर गर्दै नगरपालिकाको कम्पाउण्ड वाल रङ्गरोगन, ब्लक टायल लगाउने, गेट निर्माण समेतको कार्य गर्न रु १७३४६४५।९३ को लागत अनुमान तयार गरी नगर प्रमुख स्तरीय निर्णयबाट कार्य सुरु गरी हाल कार्य सम्पन्न समेत भएकोले घटाघट भई भएको उक्त कार्यको भुक्तानीको लागि गत आ.व.को मौज्दात रकमबाट रु. १५०००००।- विनियोजन गरी नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व.२०८२/०८३ को स्वीकृत बार्षिक कार्यकम अनुसार योजना तथा कार्यक्रमहरु सम्पन्न भई भुक्तानीको लागि आएका योजना तथा कार्यकमहरुको तत्काल भुक्तानीको लागि मिति २०७९/९/२६ गतेको कार्यपालिका बैठकबाट गठित जाँचपाँस तथा फरफारक समितिको विभिन्न मितिका बैठकहरुबाट मिति २०८२/१०/२० गते सम्म जाँचपाँस तथा फरफारक भएका ५६ वटा योजना/कार्यकमहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा उक्त प्रस्तावको सन्दर्भमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ठाडा डमरुदह व्यवस्थापन, संरक्षण र विकास सम्बन्धि कार्यविधि २०८२ बमोजिम ठाडा दहको ठेक्का १० वर्षको लागि न्यूनतम रु २० लाख रकम कायम गरी बढाबढको लागी ठेक्का व्यवस्थापन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सात्रौं नगरसभाबाट जग्गा वर्गिकरण भनि कार्यक्रम स्वीकृत भएको र नेपाल सरकारको नीति अनुसार चालु आर्थिक वर्ष भित्र अनिवार्यतयार गर्नु पर्ने भएकोले जग्गा वर्गिकरणको कार्य छिटो अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गएकोवर्षाको कारण यस नगरपालिका क्षेत्र भित्रका मुख्य गौरवका सडक ( नियमित सार्वजनिक यातायातका साधनहरु) चल्ने सडकहरुमा पहिरो गई यातायात अवरुद्ध हुनुको साथै सवारी साधनहरु दुर्घटना हुन सक्ने जोखिमपूर्ण अवस्था रहेको । जसका कारण विपद् आउन सक्ने सम्भावना भई पहिरो हटाउने तथा मर्मत गर्ने कार्य भएकोमा उक्त रकम चालु आ.व.मा मौज्दात सरेको रकमबाट विपद अर्न्तगत रु १० लाख विनियोजन गरी भएको कार्यको तत्काल प्राविधिक नाँपजाँचका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/७/१७ को निर्णयानुसार देशभरका विभिन्न करदाता सेवा कार्यालयहरु खारेज भएको र सो कार्यालयहरुबाट तोकिए बमोजिम हुने सेवा प्रवाहहरु “करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै गरेको सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी कार्य संचालन कार्यविधि, २०८२” बमोजिम सम्बन्धित स्थानीय तहबाटै सम्पादन हुने निर्णय भए बमोजिम तहाँ विभागबाट स्वीकृत भएको कार्यविधि एवं मन्त्रिपरिषदको निर्णय बमोजिमका कामकाजहरु संचालन गर्न यस शितगंगा नगरपालिका समेत ईच्छुक तथा प्रतिवद्ध रहेकोले सो सेवा संचालन एवं आवश्यक व्यवस्थाका लागि आन्तरिक राजश्व विभाग लाजिम्पाट, काठमाण्डौमा माग गर्ने र आवश्यकता अनुसार आन्तरिक राजस्व कार्यालय कृष्णनगरमा समेत पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरुका सन्दर्भमा छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) यस नगरपालिकाका वडा नं ६ को शिवादह देउरालीमा ट्रान्फरमर जडानको लागि वडा नं. ५ गल्दामा विग्रेको अवस्थामा रहेको ट्रान्फरमर मर्मत गर्न बुटवल लैजाने र बुटवल देखि शिवादह सम्म ल्याउने कार्य गर्दाको ढुवानी खर्च वापतको रु ११०००।- भुक्तानी दिने ।

(ख) रोटरी क्लव अफ बुटवल चौतारीले देउराली आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई एम्बुलेन्स उपलब्ध गराएको र सो बापत नगरपालिकाले व्यहोर्ने रकमको सन्दर्भमा मिति २०८२/५/१५ गतेको नगर कार्यपालिकाको बैठकबाट रोटरी क्लव अफ बुटवल चौतारी र देउराली आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई रकम दिने भनि निर्णय भएकोमा पूर्व निर्णय अनुसारको रकम रोटरी क्लव अफ बुटवल चौतारी र देउराली आधारभुत स्वास्थ्य सेवा केन्द्र शिनपा ६बीच भएको सम्झौता समेतका आधारमा देउराली आधारभुत स्वास्थ्य केन्द्र जुकेनाको नाममा निकासा दिने ।

(ग) यस नगरपालिकाको मुख्य गौरवको भेडामारे सिमलपानी बौरी भाटागाउँ चिदिचौर हुदै चोलारानी ढाव पावरा विकम सडक विग्रेकोले उक्त सडक मर्मत सुधारको लागि प्राविधिक लागत अनुमान तयार गरी तत्काल लागत अनुमान अनुसारको कार्य गराउने र सो कार्यको भुक्तानी गत आ.व.को मौज्दात रहेको रकमबाट गर्ने ।

(घ) स्थानीय पूर्वाधार सहयोग कार्यकम (एलआएसपी) अन्तर्गत चालु आर्थिक वर्षको लागि विनियोजित रकमबाट कार्य गराउन भएको लागत अनुमान अनुसार सूचना प्रकाशन हुँदा बचत रहेको रकम मध्ये मुसियान ढाड पाल्लेपानी नेटाखर्क सितापुर सडक स्तरोन्नतीको लागि विनियोजित रकममा बचत रहेको रकम सोही सडकको हाल कार्य भईरहेको लागत अनुमानमा ढलानको आइटममा केही परिमाण छुट भएकोलेउक्त छुटेको तथा थप कार्य सोही क्षेत्रमा खर्च गर्ने र सो बाहेक बचत रहने रकम रु १,१२,८४,०००।- बाट चालु आ.व.मा सोही कार्यकम अन्तर्गत स्तरोन्नती भई रहेका चाक्ला हर्रे बहखोर पाकुरी धानखोला सडकको सोही क्षेत्रमा थप स्तरोन्नती गर्न रु ५६,८४,०००।- र राजुवास सुवर्णखाल चौपारी नेटापोखरा सडकको सोही क्षेत्रमा थप स्तरोन्नती कार्य गर्न रु ५६ लाख विनियोजन गर्ने ।

(ङ) नेपाल विद्युत प्राधिकरण अर्घाखाँचीको च.नं. ५१६ मिति २०८२/९/२२ गतेको पत्रबाट यस नगरपालिका भित्रका विभिन्न ग्राहकहरुको विद्युत महशुल बाँकी बक्यौता यथाशिघ्र भुक्तानीको लागि भनि लेखि आएकोमा डमरुदह पर्यापर्यटन लिफ्ट खानेपानीको बक्यौता रकम भुक्तानी गरी उक्त समिति खारेज गर्ने र मिटर हटाउन विद्युत प्राविधिकरणलाई पत्राचार गर्ने त्यसै गरी कोप्चेवास शौचालय व्यवस्थापन समितिको नाममा रहेको बक्यौता रकम भुक्तानी गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।